**किस्पाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

काहले, नुवाकोट

प.सं. :-
च.नं. :- २०८१/८२

बागमती प्रदेश, नेपाल
मिति.२०८२/०१/०४

## विज्ञप्ति

नेपाल शिक्षक महासंघको आव्हानमा काठमाडौं केन्द्रित शिक्षकहरुको आन्दोलनको कारण विद्यालयको नियमित शैक्षिक कार्यक्रमहरु प्रभावित भई बालबालिकाको पढ्न पाउने मौलिक हक र अधिकारमा प्रतिकुल प्रभाव परेको छ । आन्दोलन १६ औं दिन सम्म पनि निरन्तर चलिरहनु, सकारात्मक दिशा उन्मुख नदेखिनु चिन्ताको विषय बनेको छ । शिक्षा क्षेत्रको स्थायित्व र विकासको लागि शिक्षकहरुको आत्मसम्मान कायम राख्दै आफ्नो कार्यस्थलमा फर्कने उचित वातावरण निर्माणका लागि तत्काल समस्या समाधान तर्फ गम्भिर हुन नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

ग्रेडवृद्धि परीक्षा, शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान, पाठ्यपुस्तक वितरण, शैक्षिक कार्ययोजना निर्माण, शिक्षक तालिम, विषयगत शिक्षक अभिमुखीकरण लगायतका विविध शैक्षिक गतिविधि र पठनपाठन सुचारु नहुँदा बालबालिकाको पढ्ने र व्यवहारमा आएको विचलन प्रति अभिभावक तथा बौद्धिक जगतको चासो प्रत्यक्ष रुपमा स्थानीय सरकार तर्फ परेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार र स्थानीय सरकारको कर्तव्य, जिम्मेवार जनताको सरकारको हैसियतले हाल उत्पन्न समग्र शिक्षा क्षेत्रको विषयमा किस्पाङ गाउँपालिका गम्भिर र जिम्मेवार छ । जुनसुकै अवस्थामा पनि बालबालिकाको पठनपाठन अवरुद्ध हुनुहुँदैन भन्ने किस्पाङ सरकारको मानक हो ।

वर्तमान परिप्रेक्ष्यमा आफ्नो माग र विचार राख्न पाउने अधिकार प्रयोग गर्दै गर्दा पदीय जिम्मेवारी र कर्तव्य तर्फ गम्भिर हुँदै बालबालबालिकाले पढ्न पाउने मौलिक हक संरक्षण गर्दै, बालबालिकाको भविष्य प्रति उत्तरदायी भई पठनपाठन र शैक्षिक गतिविधिलाई सुचारु हुने लोकतान्त्रिक विधि र प्रकृया अनुसार आन्दोलनको स्वरुप परिवर्तन गरी तत्काल विद्यालयको नियमित गतिविधि र पठनपाठन सुचारु गर्नु/गराउनु हुन सम्पूर्ण विद्यालयहरुलाई निर्देशित गर्दछु ।

.....................................
बिरवल तामाङ
(अध्यक्ष)